# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

पत्र संख्या: २०७९/०८० (सहकारी शाखा)

चलानी नं.: ४४१

मिति :- २०७९-०५-२१गते

**विषय :- तालिममा सहभागिता सम्बन्धमा |**

श्री सहकारी संस्थाहरु सबै,
कचनकवल गाउँपालिका, बनियानी,झापा |

प्रस्तुत विषयमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँ बानेश्वर, काठमाडौं को च. नं. ५८ मिति २०७९/०५/०१ गतेको प्राप्त पत्रानुसार सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र बाट आ.व. २०७९/०८० मा सहकारी संघ, संस्थाहरुका पदाधिकारी तथा कर्मचारीहरुको लागि संचालन हुने तालिमको विवरण सहित मनोनयन पत्रको ढाँचा समेतको छायाँकपि पाना थान तिन (३) यसै पत्र साथ संलग्न राखी पठाइएको छ | पत्रको बाँकी विवरण उक्त पत्र बाटनै अध्ययन गरि यस गाउँपालिकाको नियामन क्षेत्र भित्रका सहकारी संस्थाहरुले ताहाँ सहकारी संस्थाको लागि आवश्यक तालिमको छनौट गरि तोकिएको ढाँचामा सहभागी मनोयन गराई COPOMIS प्रणालीमा आवद्ध भएको प्रमाण सहित मिति २०७९/०६/२५ गते भित्र तालिममा सहभागिताको लागि सिफारिसका लिन यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ |

नोट :- १. यस सम्बन्धमा थप बुझ्नपरेमा सहकारी प्रशिक्षण केन्द्रको वेभसाइट www.ctrc.gov.np तथा गाउँपालिकाको सहकारी शाखा को सम्पर्क नं. ९८६४८३६९७२ मा सम्पर्क गर्नुहोला |

२०७९/०५/२१

गौरव रिजाल
सहकारी शाखा प्रमुख

**बोधार्थ :-**

श्री सहकारी प्रशिक्षण केन्द्र,नयाँ बानेश्वर, काठमाडौं | (जानकारीका लागि अनुरोध छ |)
श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा | (पत्र सहितको सूचना वेभ साइटमा अप्लोड़ गरिदिनुहुन |)
श्री सात वटै वडा कार्यालय, कचनकवल गाउँपालिका, झापा | (सूचना सम्प्रेषणमा आवश्यक सहजीकरण गरिदिनुहुन |)

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

पत्र संख्या :- ०७९।८०
चलानी नं. :- ५८

मिति -२०७९।०५।०१

श्री सबै स्थानीय तह,

विषय :- तालिममा सहभागिता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रवाट यस आ.व भरीमा संचालन हुने तालिमको विवरण यसैसाथ संलग्न गरी पठाइएको छ । विवरणमा खुलाइएका तालिम लिन इच्छुक र आवश्यक भएका सहकारी संघ संस्थाहरुका पदाधिकारी तथा कर्मचारीहरुलाई जानकारी गराई सहभागिताको लागि तोकिएको ढाँचामा मनोनयन गरी पठाइदिनुहुन आदेशानुसार अनुरोध छ । साथै नियामक निकायका सहकारी शाखामा कार्यरत कर्मचारीहरुका लागि समेत COPOMIS तथा सहकारी प्रशिक्षक प्रशिक्षण तालिम संचालन हुने हुँदा तालिम लिन आवश्यक र इच्छुक कर्मचारीहरु मनोनयन गरी पठाईदिनुहुन समेत अनुरोध छ ।

*(नोट : तालिममा सहभागी मनोनयन गर्दा यस आ.व र गत आ.व मा यस केन्द्रवाट संचालित तालिममा सहभागिता नजनाएकालाई प्राथमिकता दिनुपर्ने छ ।)*

पवित्रा ढकाल
सहकारी प्रशिक्षक

श्री सहकारी शाखा
नियमानुसार
०५।२९

दर्ता नं. ४५८
मिति २०७९।०५।२९

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: info@ctrc.gov.np

## तालिमको जानकारी तथा सहभागिता सम्बन्धमा।

**वेवसाईटमा प्रकाशित मितिः- २०७९।०४।२३**

**श्री सम्बन्धित सबै।**

यस केन्द्रले चालु आ.व. २०७९/२०८० मा तपशिल बमोजिमका तालिम सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागिताको लागि ईच्छुक **सम्बन्धित प्रदेश सहकारी मन्त्रालय/ प्रदेश रजिष्ट्रार कार्यालय/ प्रदेश स्थित सहकारी प्रशिक्षालय/ स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीहरु तथा सहकारी संघ/संस्थाहरुले** यस केन्द्रको वेवसाइट (www.ctrc.gov.np) मा गई Online Training मा Click गरी माग गरिएका विवरण तथा कागजातहरु संलग्न गरी मिति २०७९/०६/३१ गते भित्र अपलोड गर्नुहुन साथै संलग्न ढाँचा बमोजिम विवरण केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा समेत पठाइदिनुहुन सबै सरोकारवालाहरुमा अनुरोध गरिन्छ। उक्त विवरणका आधारमा यस केन्द्रले निर्धारण गरेको मिति तथा प्राथमिकताका आधारमा सञ्चालन हुने तालिममा प्रशिक्षार्थीहरुलाई सहभागी गराउँदै लैजाने व्यहोरा समेत अनुरोध छ।

**तपशिलः**

**(१) यस आ.व २०७९/२०८० मा केन्द्रबाट संचालन हुने तालिमहरु**

***(क) संघ, प्रदेश तथा स्थानीय तहका नियामक निकायका कर्मचारीहरुका लागि सञ्चालित तालिमहरू***

(१) सहकारी प्रशिक्षक प्रशिक्षण (७ कार्यदिन)
(२) कोपोमिस (COPOMIS) सम्बन्धी अनुशिक्षण (४ कार्यदिन)

***(ख) सहकारी संघ/संस्थाका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको लागि सञ्चालित तालिमहरू***

(१) सहकारी सम्बन्धी आधारभूत/पुनर्ताजगी तालिम (४ कार्यदिन)
(२) सहकारी प्रशिक्षक प्रशिक्षण (१५ कार्यदिन)
(३) सहकारी व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिम (७ कार्यदिन)
(४) सहकारी नेतृत्व तथा संस्थागत विकास तालिम (१५ कार्यदिन)
(५) सहकारी लेखा तथा वित्तीय व्यवस्थापन सम्बन्धी तालिम (१० कार्यदिन)

**(२) सहभागी मनोनयन ढाँचाः**

| क.सं. | सहभागीको नाम थर | पद | कार्यरत स्थानीय तहको नाम र ठेगाना | मोबाइल नम्बर | सहभागीको ईमेल ठेगाना (e-mail Address) | सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत / सम्पर्क व्यक्तिको मोबाइल नं र इमेल ठेगाना | सहभागी हुन ईच्छुक तालिम कार्यक्रमको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**(३) तालिममा सहभागिताको लागि अनलाईन फारममा संलग्न गर्नुपर्ने आवश्यक कागजातः-**

तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ। यसका लागि केन्द्रको वेवसाइट (www.ctrc.gov.np) मा गई Online Training मा Click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ।

(१) सहभागीको पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
(२) सहभागीको मोबाइल नं. र ईमेल ठेगाना समेत खुलाई सम्बन्धित प्रदेश/स्थानीय तहको मनोनयन पत्र।
(३) सहभागीको मोबाइल नं. e-mail ठेगाना लगायत रजिष्ट्रेशन फाराममा माग भएका अन्य विवरण।
(४) सहकारी संस्थाहरूको हकमा सहकारी विभागबाट संचालित COPOMIS प्रणालीमा आवद्ध भएको प्रमाण।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
**सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र**
नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: info@ctrc.gov.np

## (४) सहभागीहरुले पालना गर्नुपर्ने आचारसंहिता

(१) तालिम कार्यक्रममा होहल्ला रहित शान्त वातावरणमा सहभागी हुनुपर्नेछ।

(२) केन्द्रले निर्धारण गरेको मिति तथा समयमा तालिम संचालन हुनेछ।

(३) तालिममा सहभागी हुने कर्मचारीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नुपर्नेछ।

(४) तालिमको अवधिभर औपचारिक पोशाकमा रहनुपर्नेछ।

(५) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु/ गराउनु हुँदैन।

(६) यस केन्द्रवाट गत आ.व. र यस चालु आ.व.मा संचालित तालिम लिएका व्यक्तिहरु यस तालिममा सहभागी हुन पाइनेछैन। यस अघि तालिम नलिएका सहभागीहरुलाई प्राथमिकता दिइनेछ।

(७) आचारसंहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

## (५) सहभागीको सुविधा सम्बन्धी व्यवस्थाः

(१) सहभागीहरुलाई तालिम अवधिको दैनिक भत्ता तथा आतेजाते यातायात खर्च एकमुष्ठ रुपमा नियमानुसार करकट्टी गरी उपलब्ध गराइनेछ। तर तोकिए भन्दा बढी सत्रमा अनुपस्थित हुने सहभागीलाई यो सुविधा उपलब्ध नगराइनुका साथै प्रमाणपत्र समेत प्रदान गरिनेछैन।

(२) तालिमको कार्यपत्र (Handout) सहभागीको इमेलमा उपलब्ध गराइनेछ।

**बोधार्थः**

श्री प्रदेश सहकारी मन्त्रालय, सातै प्रदेश।
श्री प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, सातै प्रदेश।
श्री प्रदेश प्रशिक्षालय, सातै प्रदेश।
श्री स्थानीय तह, सबै।
श्री राष्ट्रिय सहकारी महासंघ, पुल्चोक, ललितपुर।
श्री विषयगत सहकारी केन्द्रिय संघ, सबै।
श्री जिल्ला सहकारी संघ, सबै।
श्री जिल्ला विषयगत सहकारी संघ, सबै।
श्री सहकारी संघ/संस्था, सबै।

**ईच्छुक प्रशिक्षार्थीलाई सम्बन्धित स्थानीय तह (कार्यपालिकाको कार्यालय)बाट मनोनयन हुने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ।**